# वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना** : खाद्य तथा पोषण सुरक्षाको हिसाबले आलुवालीलाई महत्वपूर्ण मानिन्छ। हिमाली क्षेत्रमा आलुलाई खाद्यन्नको रुपमा र मध्यपहाड तथा तराईका जिल्लाहरुमा यसलाई तरकारीको रुपमा प्रयोग गरिन्छ । नेपालमा आलुको उत्पादकत्व, उत्पादन र क्षेत्रफलको हिसावले प्रदेश नं. ३ क्रमशः प्रथम, पाचौं र चौथो स्थानमा रहेको छ । आलु बालीको क्षेत्र विस्तार, उत्पादन हुने सिजनको विविधिकरण, व्यवसायीकरण र उत्पादकत्व अभिवृद्धि मार्फत कुल उत्पादन बढाई आयात प्रतिष्ठापन र निर्यात प्रवर्धन गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिले प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कमाण्ड क्षेत्र"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएका कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले मन्त्रालयको वृहत आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्न तयार गरिएको स्वीकृत वार्षिक कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(ग) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले वृहत आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन हुने कार्यक्रमहरुको लागि अनुदान प्राप्त गर्न पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्छ ।

(छ) **"प्रोत्साहन अनुदान"** भन्नाले कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेश नं.३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

मा. दावा दोर्जे लामा
मन्त्री

(झ) **"मूल्य शृंखला"** भन्नाले उत्पादन सामग्रीको उचित व्यवस्थापन देखि उत्पादन, प्रशोधन, प्याकेजिङ, ग्रेडिंग, ढुवानी, प्रचार-प्रसार र बजारीकरण सम्मको गतिविधिहरुहरुलाई सम्झनु पर्छ ।

(ञ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ट) **"रष्टिक स्टोर"** भन्नाले मधुरो प्रकाश तथा हावाको स ञ्चारको समुचित प्रबन्ध गरी बीउ आलु भण्डारण गर्नका लागि मध्य तथा उच्च पहाडी क्षेत्रमा बनाईने आलु भण्डारण घरलाई सम्झनु पर्छ ।

(ठ) **"साझेदार संस्था"** भन्नाले आलु विकास तथा विस्तार कार्यक्रममा सहभागी हुने इच्छुक कृषक समूह/सहकारी, कम्पनी, संयुक्त उपाक्रम, सञ्चालन समिति, कृषि फार्म सम्झनु पर्छ ।

(ड) **"संयुक्त उपाक्रम (Joint Venture)"** भन्नाले यस कार्यविधि अनुरुप दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा मिलि संयुक्तरुपमा पेश हुने प्रस्तावलाई सम्झनु पर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन:-

(क) वृहतर विशिष्टीकृत क्षेत्रहरु निर्धारण गरि आलुको मूल्य शृंखला विकास गर्ने,

(ख) आलुबालीको व्यवसायिकरण मार्फत आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्ने,

(ग) गुणस्तरीय बीउ आलुको प्रयोग गरी आलुबालीको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउने,

(घ) कृषकको आयआर्जनमा बृद्धि गरी गरिवी न्यूनीकरणमा टेवा पुर्याउने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालन:** (१) यो कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा दोलखा जिल्लाको शैलुङ्ग मैलुङ्ग गाँउपालिका र रामेछाप जिल्लाको गोकुलगंगा गाँउपालिकामा सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा कार्यक्रमको सभांव्यता, प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

(२) यो कार्यक्रम एक पटक छनौट भएका अनुदानग्राहीहरुसँग कार्यप्रगतिको आधारमा फलो-अप कार्यक्रम अधिकतम तीन वर्ष सम्म सञ्चालन गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(३) मूल्याङ्कनको आधारमा फलोअप कार्यक्रममा दोश्रो र तेश्रो वर्षहरुमा अनुदानको प्रतिशत क्रमशः ४० र ३० प्रतिशत कायम हुनेछ भने प्राविधिक सेवा सबै वर्षहरुमा निःशुल्क हुनेछ।

५. <u>सूचना प्रकाशन तथा प्रस्ताव माग गर्नेः</u> (१) निर्देशनालयले तीस दिने म्याद दिई राष्ट्रिय / प्रादेशिक/स्थानीय स्तरका पत्रिका मार्फत प्रस्ताव आह्वान गरी अनुसूची -१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदकले अनुसूची -२ बमोजिम निवेदनको साथ देहाय बमोजिम कागजातहरु पेश गर्नुपर्छ ।

(क) निवेदनको साथ आवेदकले आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

(ख) संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले वृहतर आलु विकास तथा विस्तारका लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

(ग) आवेदकले आफुले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव,

(घ) कार्यक्रम सञ्चालन गर्ने स्थानमा पहाडको हकमा बढीमा २ वटा क्लष्टर नबढ्ने गरी न्युनतम १००० रोपनी जमिन उपलब्ध हुने जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा कम्तिमा १० वर्ष लिजमा लिएको खुल्ने कागजको प्रति,

(ङ) कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा चक्लाबन्दी भएको वा जग्गा एकै ब्लक तथा सीमा जोडिएको हुनु पर्नेछ,

(च) नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ,

(छ) दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा मिलि संयुक्तरुपमा प्रस्ताव तयार गरी आवेदन दिएमा नेतृत्व गर्ने संस्था खुल्ने गरी संस्थाहरु बीचको संयुक्त संयुक्त उपाक्रम समझदारी पत्र (Joint Venture Agreement) समेत पेश गर्नु पर्ने छ,

(ज) संयुक्त उपाक्रममा आधारित आवेदक भएमा सबै आवेदक संस्थाहरुको प्रतिनिधि रहने गरि एक सञ्चालक समिति (Consortium) निर्माण गरी सञ्चालक समतिको तर्फबाट आवेदन दिनु पर्ने छ ,

(झ) अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।

६. <u>प्रस्ताव दर्ता एवं संकलन :</u> (१) आवेदकले अनुसुची- २ अनुसारको निवेदन तथा सोही अनुसूचीमा माग गरेको कागजात, अनुसुची-३ बमोजिमको प्रस्ताव कृषि ज्ञान केन्द्रमा तोकिएको समय अवधि भित्रै दर्ता गरी सक्नु पर्नेछ।

७. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार संस्था छनौटको सिफारिस गर्न कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

मा. दावा दोर्जे लामा
मन्त्री

(क) केन्द्र प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत, केन्द्र — संयोजक
(ख) अधिकृत प्रतिनिधि, निर्देशनालय — सदस्य
(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र — सदस्य
(घ) प्रमुख, खरिद इकाई, केन्द्र — सदस्य
(ङ) बागवानी हेर्ने अधिकृत/प्रा.स, केन्द्र — सदस्य-सचिव

(२) समितिले आवश्यकताका आधारमा बढी दुई जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन सामितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूची -५ मा तोकिएको मूल्याङ्कन मापदण्डहरुको आधारमा मूल्याङ्कन गरी सिफारिशको लागि केन्द्रमा पेश गर्ने,

(ख) मूल्याङ्कन सामितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि केन्द्रमा पेश गर्ने ।

८. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र केन्द्रले अनुसुची -६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. <u>सञ्चालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजीकरणः</u> (१) वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन सामग्रीहरु र बीउ आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माणको लागि स्वीकृत कार्यक्रम र बजेट परिधि भित्र रही पचास प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्ने क्रममा कृषि औजार/उपकरणहरु, ढुवानी साधन खरिद गर्दा स्वीकृत कार्यक्रम र बजेट परिधि भित्र रही बढीमा पचास प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ । सो सम्भव भएसम्म निर्देशनालयबाट सूचिकृत गरिएका आपूर्तिकर्ताबाट खरिद गर्नुपर्नेछ ।

(३) अनुदानग्राहीले जम्मा स्वीकृत बजेटको पन्ध्र प्रतिशत रकम तारबार सहितको बाउण्ड्री वाल निर्माणमा खर्च गर्नुपर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(४) आलुखेती गर्ने क्रममा भिरालो जग्गा भएको स्थानमा हल्का सम्याउन प्रति रोपनी रु २००० (दुई हजार मात्र)का दरले खर्च गर्न सकिनेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

१०. **खर्च सम्बन्धी व्यवस्था** : (१) सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन, लगायतका कार्यका कण्टिञ्जेन्सी बापत यसै कार्यक्रमका लागि विनियोजित बजेटको एक प्रतिशत ननाघ्ने गरी सोही बजेटबाट व्यवस्थापन गरिनेछ ।

(२) कार्यक्रम सञ्चालनका लागि उपलब्ध अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिमको हुनेछ ।

(३) आलु बाली सम्बन्धी कार्यक्रम सम्पन्न गरेको, आलु बीउ खरीद गरेको, सिँचाइ पूर्वाधार, ढुवानी साधन, प्राङ्गारिक मल खरीद गरेको, रष्टिक स्टोर निर्माण गरेको, बाउण्ड्री वाल निर्माण गरेको तथा कृषि औजार उपकरणहरु खरिद भएको एकीन भएपछि प्राप्त बील भर्पाई, कार्य सम्पन्न गरेको फोटो, कार्य सम्पन्न प्रतिवेदनको आधारमा पचास प्रतिशत रकम भुक्तानी गरिनेछ । सम्झौता बमोजिमको अनुदान रकम बढीमा ३(तीन) किस्तामा बैंक मार्फत उपलब्ध गराइनेछ ।

(४) साझेदार संस्थाले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद -४
## अनुगमन तथा मूल्याङ्कन

११. **अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालय, निर्देशनालय र केन्द्रहरुबाट नियमित अनुगमन तथा निरीक्षण हुनेछ ।

१२. **प्रगति प्रतिवेदन पठाउनुपर्नेः** यस कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ।

## परिच्छेद -५
## विविध

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

१४. <u>संशोधनः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. <u>कारवाहीको व्यवस्थाः</u> साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१

(दफा ५ सँग सम्बन्धित)

**वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ..........

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुरको आर्थिक वर्ष .................. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम अन्तर्गत् वृहत्तर आलु विकास तथा विस्तार (आलु बीउ खरिद, रष्टिक स्टोर निर्माण, बाउण्ड्री वाल निर्माण,प्राङ्गारिक मल, ढुवानी साधन, सिँचाइ, कृषि औजार /उपकरणहरु, गह्रा सुधार आदि) मा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकाबाट(एक प्रस्ताव छनौट हुने गरी) र दोलखा जिल्लाको शैलुङ्ग/मेलुङ्ग गाउँपालिका(एक प्रस्ताव छनौट हुने गरी)का ईच्छुक कृषक समूह/सहकारी, कम्पनी, संयुक्त उपाक्रम, सञ्चालन समिति, कृषि फार्मबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची -२ बमोजिमका निवेदन र सोही अनुसूचीमा माग गरेको कागजातहरु संलग्न राखी यस कृषि ज्ञान केन्द्रमा आवेदन एवं प्रस्ताव बुझाउनु हुन अनुरोध छ ।यस सम्बन्धमा थप जानकारीको लागि सम्बन्धीत केन्द्रमा सम्पर्क गर्न सक्नु हुनेछ ।

**पुनश्चः** "वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६" भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**आवेदन फारम**

मितिः

श्री प्रमुख ज्यू,

कृषि ज्ञान केन्द्र,

........................ ।

विषयः कार्यक्रममा सहभागी हुन पाँउ बारे ।

मेरो फार्म/कम्पनी/संस्था/समूह/सहकारीबाट ................. जिल्लाको.................... गा.पा/न.पा. को वार्ड नं. ........... स्थानमा वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम (आलु बीउ खरिद, रष्टिक स्टोर निर्माण, बाउण्ड्री वाल निर्माण, प्राङ्गारिक मल, ढुवानी साधन, सिँचाइ, कृषि औजार /उपकरणहरु आदि)को लक्ष्य रहेकोले सो का लागि लागत अनुमान रु....................सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/ गरेका छौं ।

संलग्न कागजातहरु

१. रु १०।- को टिकट टाँसेको अनुसूची -२ अनुसारको निवेदन,

२. कम्तीमा १००० रोपनी क्षेत्रफलको जग्गाको लालपूर्जाको प्रमाण पत्रको प्रतिलिपी र करारको हकमा करारनामाको प्रतिलिपी,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ र फोटो १ प्रति,

४. अनुसूची-३ अनुसार तयार गरिएको प्रस्ताव,

५. अनुसूची -४ अनुसारको प्रतिवद्धता पत्र,

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र (सम्भव भएसम्म),

७. फार्म/कम्पनी/संस्था/समूह/सहकारीको दर्ता/नविकरण/स्थायी लेखा नम्बर ,

८. कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको हुनुपर्ने ,

९. संलग्न हुने प्राविधिकहरुको व्यक्तिगत विवरण तथा तालिम/अनुभवको प्रमाणपत्रको प्रतिलिपी,

१०. वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सम्बन्धी कार्ययोजना,

११. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाण ,

१२. फार्म, कम्पनी, संस्था, सहकारी तथा कृषक समूहले ब्यहोर्ने योगदान प्रतिशतको भरपर्दो आधारको रुपमा आबेदकको नाममा रहेको बैंक तथा बित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर वा बैंकको letter of intent ।

निवेदक

दस्तखतः

नाम थरः

पदः

ठेगानाः

फार्म/संस्थाको छापः

फोन नं

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -३
### (दफा ५ सँग सम्बन्धित)
### प्रस्तावको ढाँचा

**खण्ड -क**

१.प्रस्तावित उपआयोजनाको सारांशः

| | |
|---|---|
| उप आयोजनाको नामः | जस्तैः खायन तथा बीउ आलु सम्बन्धी कार्यक्रम |
| कार्यक्रममा समावेश हुने क्रियाकलापहरु | जस्तैः रष्टीक स्टोर निर्माण, बाउण्ड्री वाल निर्माण, गह्रा सुधार, कृषि औजार तथा उपकरणहरु खरिद । |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मु. अ. कर / स्था. ले. नं. र दर्ता वर्षः | |
| बैंक खाता विवरणः | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता सञ्चालकको नामः |
| आवेदकको परिचय तथा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना सञ्चालन स्थलः | जिल्लाः<br>म.न.पा./ उ.म.न.पा./न.पा./ गा.पा.<br>वार्ड नं.<br>स्थानः |
| वर्तमान क्रियाकलापहरु | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| प्रस्तावित उपआयोजनाको प्रमुख | •<br>•<br>•<br>• |
| प्रस्तावित उपआयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु<br>•<br>•<br>•<br>• |

**खण्ड -ख**

२. व्यवसायको विवरण

| २.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्टयाइ |
|---|
| ५०० शब्द नघटाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्यकाम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, कृषि औजारहरुको उपलब्धता , प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित उपआयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने । |

२.२ कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**खण्ड -ग**

३. बिक्री तथा आम्दानी विवरण

३.१ बिक्री आम्दानी प्रक्षेपण

| क्र.सं. | खायन तथा बीउ आलु | इकाई | परिमाण | मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**खण्ड-घ**

४. व्यवस्थापन योजना

४.१ कृषि सामग्री/कृषि औजार एवं उपकरणहरु खरिद योजना

| क्र.सं. | विवरण | इकाई | परिमाण | विरुवा जात वा प्रकार/ कृषि औजार तथा उपकरणहरु | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको)

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -४

(दफा ५ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..............................को मिति.............................को सूचना अनुसार वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -५
### (दफा ७ सँग सम्बन्धित)
### प्रस्ताव मूल्याङ्कन मापदण्डहरु

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क्र.सं | सूचक | अंङ्क | कैफियत |
|---|---|---|---|
| १. | संरचना निर्माण तथा आलु खेतीको लागि उपयुक्तता | १० | प्रमाण पेश गर्नु पर्ने र स्थानीय निकायको सिफारिस |
| १.१ | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको | १० | |
| १.२ | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | ५ | |
| २. | प्रस्तावित् आलु खेती गरिने जग्गाको क्षेत्रफल | १५ | |
| २.१ | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सो भन्दा बढी | १५ | |
| २.२ | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा २५ प्रतिशत देखि ९९.९९ प्रतिशत सम्म | १३ | |
| २.३ | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल बरावर वा न्यूनतम क्षेत्रफल भन्दा बढी | १० | |
| ३. | प्रस्तावकको आर्थिक क्षमताको अवस्था | १० | बैंकमा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट, भौचर वा बैंकको letter of intent |
| ३.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० | |
| ३.२ | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ | |
| ३.३ | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० | |
| ४. | व्यवसायिक योजना | २० | प्रस्तावमा पेश गर्नु पर्ने |
| ४.१ | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रष्ट | २० | |
| ४.२ | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अप्रष्ट | १५ | |
| ४.३ | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अलि अव्यवहारिक | १० | |
| ५. | आवेदकको प्राविधिक क्षमताको अवस्था | १५ | प्रमाणपत्र पेश गर्नुपर्ने। |
| ५.१ | स्नातक (सञ्चालक/शेयर होल्डर ) | १५ | |
| ५.२ | डिप्लोमा / आइ.एस्सी.एजी / जे.टी / जे.टी.ए/ कम्तिमा २ बर्ष अनुभब | १० | |
| ५.३ | अपर्याप्त प्राविधिक ज्ञान | ५ | |

मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| ६. | जमिनको अवस्था | २० | प्रमाणपत्र पेश गर्नुपर्ने । |
| ६.१ | आफ्नै नाममा भएको | २० | |
| ६.२ | करारमा लिएको | १८ | |
| ७. | आलु उत्पादन क्षेत्रसँगको सामञ्जय्यतामा सञ्चालन हुन सक्ने अवस्था | १० | प्रस्तावमा पेश गर्नु पर्ने |
| ७.१ | उत्पादन पकेट क्षेत्रमा नै कार्यक्रम सञ्चालन हुने | १० | |
| ७.२ | उत्पादन पकेट क्षेत्र र बजार भन्दा टाढा कार्यक्रम सञ्चालन हुने | ५ | |
| | **कूल जम्मा** | १०० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अंङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अक प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -६
### (दफा ८ सँग सम्बन्धित)
### सम्झौता- पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र,..................बाट सञ्चालन गरिने चालु आ.व................को वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चालन गर्न मिति........................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको मिति..........................को निर्णयले जम्मा लागत रु................................. (अक्षरेपी ..........................................................मात्र) मध्ये कार्यालयबाट अनुदान रकम रु ............................(अक्षरेपी ..........................................................................मात्र) हुने गरी कृषि ज्ञान केन्द्र............. (पहिलो पक्ष भनिने), र ..................... फार्म/कम्पनी/संस्था/समूह/सहकारी (दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

| क्र. सं | क्रियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।
२. दोश्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।
३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।
४. दोश्रो पक्षले ..........................कार्यक्रम सञ्चालन गर्न कम्तीमा ................क्षेत्रफल उपलब्ध हुनुपर्नेछ ।
५. आलुबाली सम्बन्धी कार्यक्रम सम्पन्न गरेको, आलु बीउ खरिद गरेको, रष्टिक स्टोर निर्माण गरेको, बाउण्ड्री वाल निर्माण गरेको, प्राङ्गारिक मल खरिद गरेको तथा कृषि औजार उपकरणहरु, ढुवानी साधन खरिद भएको एकीन भएपछि प्राप्त बील भर्पाईको आधारमा पचास

मा. दावा दोर्जे लामा
मन्त्री

प्रतिशत रकम भुक्तानी गरिनेछ । सम्झौता बमोजिमको अनुदान रकम बढीमा ३(तीन) किस्तामा बैंक तथा वित्तिय संस्था मार्फत उपलब्ध गराइनेछ ।

६. अन्तिम किस्ता वा एकैचोटी किस्ता भुक्तानी गर्ने अवस्थामा कार्य सम्पन्न भएको अन्तिम बील भर्पाईको साथमा प्राविधिकबाट मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual)को आधारमा रकम उपलब्ध गराईनेछ ।

७. पहिलो पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धित कार्यक्रम मूल्याङ्कनको आधारमा भुक्तानी गर्नेछ।

८. दोश्रो पक्षले कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्नु पर्नेछ ।

९. पहिलो पक्षले दोश्रो पक्षलाई वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गर्नेछ । तर दोश्रो पक्षले आवश्यकता अनुसार अन्य व्यक्ति वा संघ संस्थाबाट समेत प्राविधिक सेवा सल्लाह लिन सक्नेछ ।

१०. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नेछ ।

११. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेछ, नगरेमा पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन ।

१२. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१३. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| कृषि ज्ञान केन्द्र.............को तर्फबाट | फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको तर्फबाट |
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र छापः | संस्थाको नाम र छापः |

साक्षीहरु

| | |
|---|---|
| नाम, थर : | नाम, थर : |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको नाम र ठेगानाः | संस्थाको नाम र ठेगानाः |

मा. दावा दोर्जे लामा
मन्त्री